म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १५१ | शुक्रबार, २ माघ २०८२ | ने. सं. ११४६ पोहेलागा | 16 January 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

कला, संस्कृतिलाई आर्थिक रुपान्तरणसँग जोड्न आवश्यकः *नगरप्रमुख लामा*

# हेटौंडामा मनाइयो माघी महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ विभिन्न पेशा तथा रोजगारीका शिलसिलामा हेटौंडामा बसोबास गर्दै आएका थारु समुदायले आफ्नो परम्परा, कला संस्कृतिको संरक्षण गर्दै आठौं थारु माघी महोत्सव मनाएका छन् ।




हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयको चौरमा आयोजना गरिएको माघि विशेष कार्यक्रममा थारु जातिको मौलिक नृत्य, माघीसम्बन्धी नाटक तथा विभिन्न साँस्कृतिक प्रस्तुती देखाइएको थियो । कार्यक्रममा बोल्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले नेपाल विभिन्न जातजाति, भाषा र संस्कृतिले भरिएको बहुजातीय र बहुसांस्कृतिक सुन्दर देश भएको बताइन् । सांस्कृतिक विविधता र पर्यावरणीय विविधताको अनुपम संगमकारुपमा नेपाल रहेको उनले बताइन् । नगरप्रमुख लामाले विभिन्न जातजातिका परम्परागत सीप, मौलिक खाना, कला संस्कृतिलाई आर्थिक रुपान्तरणसँग जोड्न आवश्यक रहेको धारणा राखिन् ।

आफ्ना इतिहाससँग जोडिएका कलासंस्कृति जोगाउँदै आत्मनिर्भर बन्नुपर्नेमा उनको जोड रहेको थियो । हेटौंडा उपमहानगर पालिकाको ४ नम्बर र १० नम्बर वडामा मौलिक खानालाई प्रवर्द्धन गर्नका लागि स्ट्रीट फुड सञ्चालनको तयारी भएको उनले बताइन् । नगर प्रमुख लामाले आदिवासी जनजातिले मनाउँदै आएका चाडपर्वमा प्रयोग हुने जडीबुटी, कन्दमूल तथा मौलिक खानाले औषधीय गुण बोकेको र स्वास्थ्यका दृष्टिले समेत उपयोगी हुने उल्लेख गरिन् । यस्ता परम्परागत खानपान र संस्कृतिले आदीवासी जनजाति र आयूर्वेद चिकित्साबीच गहिरो सम्बन्ध देखाउने उनको भनाई थियो ।

*बाँकी : पृष्ठ-४....*

**हार्दिक बधाई तथा शुभकामना**



**सन्तोष पराजुली**

**लायन्स क्लब अफ हेटौंडा स्मारक**का पूर्वअध्यक्ष District 325 S वर्ष 2025/2026 को रिजन चियरपर्सन **सन्तोष पराजुली**ज्यू **JCI Hetauda** को वर्ष सन् २०२६ को गरिमामय **शाखा अध्यक्ष** पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

| पूर्वअध्यक्षहरु | सदस्यहरु | |
|---|---|---|
| लायन कैलाश ढकाल (संस्थापक अध्यक्ष) | लायन सन्जय पौडेल | लायन निर्मल गोले |
| लायन प्रल्हाद मिश्र | लायन जीवन कोइराला | लायन जगेस चौधरी |
| एमजेएफ लायन डा. सुन्दर श्रेष्ठ | लायन सन्तोष सन्जेल | लायन रामचन्द्र दाहाल |
| लायन अन्जन दाहाल | लायन कमल अधिकारी | लायन राजु चौलागाईं |
| लायन गिरिपर्वतराज बर्तौला | लायन अर्जुन ढकाल | लायन दिवाकर पुडासैनी |
| लायन आशिष सुवेदी | लायन रामचन्द्र रेग्मी | |
| लायन अन्जनप्रसाद पौडेल | | |

लायन जीवन छत्कुली (अध्यक्ष) एवम्

**लायन्स क्लब अफ हेटौंडा स्मारक, परिवार**

# प्रदेश प्रहरीलाई ३० वटा मोटरसाइकल हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ बागमती प्रदेश सरकारले प्रदेश प्रहरी कार्यालय हेटौंडालाई ३० वटा मोटर साइकल उपलब्ध गराएको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा क्षतिग्रस्त भएका सवारीसाधनको विकल्पस्वरुप प्रदेश सरकारले दुईपाङग्रे सवारीसाधन (मोटर साइकल) उपलब्ध गराएको हो । सरकारबाट विनियोजित ९७ लाख २० हजार रुपैंयाँ बजेटबाट खरिद गरिएको १६० सिसीका मोटरसाइकल हस्तान्तरण गरिएको हो । बिहिबार हेटौंडा-११ थानाभन्ज्याङस्थित प्रदेश प्रहरी कार्यालयमा आयोजित कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले संयुक्तरुपमा प्रदेश प्रहरीप्रमुख अरुण पौडेललाई मोटर साइकलको चाबी हस्तान्तरण गरेका हुन् ।

हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री बानियाँले समन्वय, सहकार्य र सहअस्तित्वलाई स्वीकार गर्दै प्रहरीलाई मोटरसाइकल उपलब्ध गराएको बताएका छन् । जेनजी आन्दोलनको क्रममा खस्केको प्रहरीको मनोबल उच्च बनाउन र प्रहरीको सबलीकरणमा बागमती प्रदेश सरकार प्रतिबद्ध रहेको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले प्रहरीलाई सहयोग गर्ने निर्णय धेरै अघि गरेको भएपनि प्रक्रियागत झन्झटको कारण ढिलो भएको उल्लेख गरे । प्रदेशमा शान्तिसुव्यवस्था कायम गर्न प्रहरीले निष्पक्ष ढंगले पारदर्शी भएर काम गर्नुपर्नेमा उनको जोड थियो ।

मुख्यमन्त्री बानियाँले आउँदो फागुन २१ गतेको चुनावलाई प्रभाव र दबाबमा नपरी कुनै दल विशेष नभई प्रहरीले काम गर्ने विश्वास व्यक्त गरे । बागमती प्रदेशमा जनताले भयरहित ढंगले मतदान गर्ने वातावरण बनाउन प्रहरीलाई आवश्यक सहयोग गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी कार्यक्रममा आर्थिक मामिला मन्त्री तामाङले प्रहरी समायोजना नहुँदा पनि जनताको सुरक्षाको लागि खटिने सुरक्षाकर्मीलाई प्रदेश सरकारले सहयोग गर्दै आइरहेको बताएका छन् । प्रदेश प्रहरीले पनि प्रदेश सरकार प्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा उनले जोड दिए ।

मन्त्री तामाङले आर्थिक कठिनाईका बाबजुद पनि जेनजी आन्दोलनको क्रममा जलेका कार्यालयको मर्मतसम्भारको लागि बजेट विनियोजन गरेको बताए । कार्यक्रममा प्रदेश प्रहरीप्रमुख पौडेलले प्रदेश प्रहरी कार्यालयअन्तर्गतका इकाईको भौतिक संरचनादेखि सवारीसाधन, सिसी क्यामरा व्यवस्थापनमा सरकारले सहयोग गर्दै आइरहेको बताए । १ अर्ब भन्दा बढीको लागतमा ७२ वटा प्रहरी कार्यालयको भवन प्रदेश सरकारकै सहयोगमा निर्माण भएको उनले जानकारी दिए । प्रमुख पौडेलका अनुसार अहिले पनि ५-६ वटा कार्यालय भवन निर्माणकै क्रममा रहेका छन् ।

जेनजी आन्दोलनको क्रममा सवारीसाधन जल्दा प्रहरीलाई कार्यसम्पादनमा असर पुगेको उनले बताए । प्रहरी प्रमुख पौडेलले शान्तिसुव्यवस्थालाई अझ व्यवस्थित गर्न चारपाङ्ग्रे सवारीसाधनको पनि आवश्यकता रहेको उल्लेख गरे । प्रहरीप्रमुख पौडेलले ३० वटा मोटर साइकललाई प्रदेशअन्तर्गत १० जिल्ला एवम् ट्राफिक कार्यालयमा वितरण गरिने जानकारी दिए ।

प्राप्त सवारीसाधनबाट प्रहरीको कार्यसम्पादनमा थप प्रभावकारिता आउने र निर्वाचन लक्षित गतिविधि एवम् समाजमा अपराध रोकथाम न्युनीकरण गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रदेश सरकार प्रमुखसचिव बाबुराम अधिकारी, श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव रामबाबु पुरी, जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रमुख सुवासचन्द्र बोहरा, पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई लगायतको उपस्थिति रहेको थियो ।

# विद्याले हर्कको पार्टीबाट मकवानपुर-१ मा चुनाव लड्ने

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ उज्यालो नेपाल पार्टी (उनेपा) पार्टी परित्याग गरेकी विद्या श्रेष्ठ हर्क साम्पाङको श्रम, संस्कृति पार्टीबाट मकवानपुर क्षेत्र नं. १ मा चुनाव लड्ने भएकी छिन् ।

हेटौंडाको सडक विस्तारको विरुद्धमा उनले उनेपा पार्टी परित्याग गरेकी थिइन् । उनले सामाजिक सञ्जाल फेसबुक मार्फत आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर-१ बाट चुनाव लड्ने बताएकी छिन् ।

तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङको निर्देशनले हेटौंडा बजारक्षेत्रको सडक विस्तार गरिएको भन्दै श्रेष्ठले उनेपाबाट बाहिरिएकी थिइन् । जनताको घरमा डोजर आतंक मच्चाउने व्यक्तिको पार्टीमा बस्न नसक्ने भन्दै उनले उनेपा त्यागेकी थिइन् ।

सडक विस्तारकार्य रोक्न पटक/पटक आग्रह गरेपनि कुलमानले अनुरोध स्वीकार नगरेको आरोप लगाउँदै कुलमानको पार्टी त्यागेकी श्रेष्ठ साम्पाङको पार्टीको उम्मेदवार बनेकी हुन् । काठमाडौंको स्थायी बासिन्दा रहेकी श्रेष्ठ हेटौंडाको सडक विस्तारको विरुद्धमा संघर्षरत छिन् । श्रम संस्कृति पार्टीको उम्मेदवार बनेकी श्रेष्ठले देश बनाउन माटो चुनावचिन्हमा मतदान गर्न आग्रह गरेकी छिन् ।

साझाकुरा

## हाम्रो कुरा

# संशोधित बजेट पारित गर्दै पालिका

मकवानपुरको बिभिन्न पालिकाले पुस ३० मा गरेको गाउँसभा तथा नगर सभाले बजेट संशोधन गरेको छ । मध्यकालीन समिक्षा गर्न सकिने प्रावधान भएका कारण पनि बजेट संशोधन सहज भएको हो । कैलाश गाउँपालिकाले संशोधित बजेट पारित गरेको छ । गाउँपालिकाको बिहीबार बसेको १७ औं गाउँसभाले आन्तरिक स्रोततर्फबाट सञ्चालित २ करोड ५१ लाख रुपैयाँ संशोधित बजेट पारित गरेको हो । गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले सभामा पेश गरेको बजेट कार्यक्रमलाइ अध्यक्ष लोकबहादुर मुक्तानले निर्णायार्थ पेश गरेका बजेट कार्यपापलिका सदस्यहरुले सर्वसम्मतरुपमा पारित गरेका थिए । कैलाशले चालुतर्फ आन्तरिक स्रोततर्फबाट ९ करोड ४२ लाख रुपैयाँ, पुँजीगततर्फ १५ करोड ४८ लाख रुपैयाँ सहित कुल २४ करोड ९१ लाख रुपैयाँ संशोधित बजेट कार्यान्वयनमा लाने भएको छ । गाउँपालिकाले आन्तरिक स्रोतबाट २ करोड ५१ लाख रुपैयाँ बजेट थप गरेको हो । यसअघि गत असार १० मा गाउँपालिकाले ५४ करोड २९ लाख रुपैयाँ बजेट ल्याएको थियो । कैलाशले यो बजेटमा समावेश भएको विशेष तथा सशर्त अनुदानवापतको रकम भने संशोधन गरेको छैन । कैलाशले १७ वटा आयोजना हटाएको छ भने ४३ वटा योजना थप गरेको छ । १४ योजनामा रकम घटाउनुको साथै ४ योजनामा रकम थप गरेको छ । थाहा नगरपालिकाको १९ औं अधिवेशनले चालु आर्थिक वर्षको हालसम्मको प्रगती समीक्षा प्रतिवेदन बहुमतले पास गरेको छ ।

बुधबार थाहा नगरमा भएको सभामा आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीले पेश गरेको संशोधित बजेट तथा कार्यक्रमसमेत सभाको बहुमत सदस्यले पास गरेका छन् । थाहा नगरउपप्रमुख भरत गोपालीको अध्यक्षतामा भएको अधिवेशनले आर्थिक ऐन, २०८२ संशोधन गरेको छ भने थाहानगर खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७६ को पहिलो संशोधन प्रस्ताव पास गरेको छ । थाहा नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा कुल विनियोजित बजेट ९७ करोड ७० लाख रकममध्ये हालसम्म २२ करोड १४ लाख ९६ हजार अर्थात् कूल बजेटको २२.२६ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ । चालुतर्फ ५८ करोड ९६ लाख विनियोजन भएकोमध्ये १८ करोड ७८ लाख अर्थात् ३१ दशमलव ८५ प्रतिशत र पूँजीगततर्फ ३८ करोड ७४ लाख विनियोजन भएकोमध्ये ३ करोड ३६ लाख अर्थात ८ दशमलब ६९ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ । त्यसैगरी आन्तरिक राजस्व संकलनतर्फ लक्ष्यको १० दशमलब १५ प्रतिशत मात्र वित्तीय प्रगती हासिल गरेको सभालाई जानकारी गराइएको थियो । चालु आर्थिक वर्षका लागि १५ वटा ठेक्का प्रणालीमा जाने आयोजनामध्ये ११ वटाको ठेक्का आव्हान भइसकेको ७ वटा सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ भने बाँकी ४ वटा ठेक्का प्रक्रियामा रहेको जानकारी गराइएको थियो । नगरस्तरीय र वडास्तरीय जम्मा १ सय ८५ वटा परियोजना ठेक्का तथा उपभोक्ता समितिद्वारा कार्यान्वयनमा रहेका छन् । हालसम्म उपभोक्ता समितिद्वारा सञ्चालित आयोजनामध्ये ११ वटा सम्पन्न भइसकेका छन् भने सम्पन्न आयोजनाको अनुगमनकार्य पूरा गरिएको जनाइएको छ । मकवानपुरको मनहरी गाउँपालिकाको १८ औं हिउँदे अधिवेशनले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उल्लेखित केही आयोजना तथा कार्यक्रम संशोधन गर्ने निर्णय गरेको छ ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरले गाउँसभामा विभिन्न ३७ वटा योजना संशोधनको लागि पेश गरेकोमा गाउँसभाबाट सर्वसम्मत स्वीकृत भएको हो । गाउँसभामा उपाध्यक्ष पुलामीले पेश गरेको आर्थिक ऐन २०८२ को पहिलो संशोधन प्रस्ताव पनि स्वीकृत भएको छ । यस्तै गाउँसभामा सुशासन तथा संस्थागत विकास समिति संयोजक ठाकुरराम तितुङले पेश गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि स्वीकृत भएको छ । गाउँसभाको शुन्य समयमा सभा सदस्य हीराबहादुर प्रजा, नवराज सुवेदी, रामप्रसाद सुवेदीलगायतले समसामयिक विषय तथा समस्याको बारेमा धारणा राखेका थिए । गाउँपालिकाको प्रतीकचिन्ह सार्वजनिक गरिएको छ । गाउँपालिकाको नारा 'शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार' लेखिएको प्रतीकचिन्हमा वन्यजन्तु, मानिसको विविधतायुक्त चित्र, कृषक र अन्नबालीको चित्र, प्राकृतिक दृश्य, नेपालको झण्डा समेटिएको छ । रातो, नीलो र हरियो रङको प्रयोग गरी हेटौंडाकी संविधा पौडेलले प्रतीकचिन्ह निर्माण गरेकी हुन् । लोगोमा उल्लेखित बाघ, हात्ती, गैंडा जस्ता वन्यजन्तुले मनहरीक्षेत्रको प्राकृतिक सम्पदा, जैविक विविधता, र चितवन राष्ट्रिय निकुञ्जसँगको सामीप्य झल्काउनुका साथै महिला र पुरुषको समूहले विभिन्न समुदायको प्रतिनिधित्व गरी समावेशी विकास र सामाजिक एकता देखाउने लोगो निर्माणकर्ताको भनाइ छ । महिला र बालबालिकाको चित्र महिला सशक्तीकरण, बालअधिकार र लैंगिक समानता प्रतीक भएको उल्लेख छ । कृषक र अन्नबालीको चित्रले स्थानीय उत्पादन, कृषि आत्मनिर्भरता र जैविकखेतीको प्रतिनिधित्व गर्ने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ ३ गते शनिबार १७ जनवरी २०२६ । चतुर्दशी, माघ कृष्णपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# लोकप्रियता, विचार र 'नयाँ-पुराना' को राजनीतिक द्वन्द्व



✍रूप बराल

राजनीतिक संक्रमणको लामो चरणमा अल्झिएको नेपालमा आज एउटा प्रश्न झनै जोडदार रूपमा उठिरहेको छ- के लोकप्रियता नै राजनीति र देश सञ्चालनको भरपर्दो आधार हो ? पछिल्ला वर्षहरूमा देखिएको राजनीतिक अस्थिरता, बारम्बारको सरकार परिवर्तन र जनतामा बढ्दो निराशाले नेपाली राजनीतिक बहसलाई अब सतही नाराभन्दा गहिरो आत्ममूल्याङ्कनतर्फ धकेलेको छ । नयाँ र पुरानाको बहस, लोकप्रियतावादको बढ्दो प्रभाव र सामाजिक सञ्जालमा निर्माण हुने राजनीतिक छविले यो प्रश्नलाई झनै जटिल बनाइदिएको छ ।

सामान्य नागरिकको दृष्टिकोणबाट हेर्दा एउटा कुरा स्पष्ट देखिन्छ- देश र राजनीति कुनै एक व्यक्ति वा केवल लोकप्रियताले मात्र चल्दैन । सुरुवातका लागि लोकप्रियता सहायक हुन सक्छ, तर त्यसको निरन्तरताका लागि स्पष्ट विचार, बलिया संस्था र परिपक्व नेतृत्वबिचको सन्तुलन अनिवार्य हुन्छ । विगत केही दशकको नेपाली राजनीतिक अभ्यासलाई नियाल्दा, परम्परागत दलहरू विचारमा स्पष्ट र संगठनात्मक रूपमा परिपक्व देखिए पनि शासनसत्ता केही सीमित व्यक्तिहरूको 'म्युजिकल चेयर' जस्तो खेलमा सीमित रहन पुग्यो । त्यसकै प्रतिक्रियास्वरूप आज नयाँ राजनीतिक शक्तिहरू उदाएका छन् ।

तर, लोकप्रियताको आधारमा उदाएका धेरै व्यक्ति र केही संस्थाहरूको वैचारिक अस्पष्टता, संगठनात्मक कमजोरी र देखिँदै गएको राजनीतिक अपरिपक्वताले देश फेरि अर्को किसिमको राजनीतिक दलदलतर्फ त धकेलिँदै छैन ? भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्न थालेको छ । यसै सन्दर्भमा, टर्किस-अमेरिकी अर्थशास्त्री ड्यारोन एसेमोग्लु र बेलायती अर्थशास्त्री जेम्स ए. रोबिन्सनको चर्चित पुस्तक 'ह्वाई नेशन फेल' को आधारमा नेपालको वर्तमान राजनीतिक अवस्थालाई, विशेष गरी 'नयाँ भर्सेस पुराना' को बहसलाई केन्द्रमा राखेर बुझ्ने प्रयास गरिएको छ ।

### असफल राष्ट्र अनि नेपाल

लेखकहरूका अनुसार, राष्ट्र असफल हुने प्रमुख कारणमध्ये समावेशी संस्थाको अभावलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ । अर्थात्, समावेशी राजनीतिक र आर्थिक संस्थाको कमजोर अवस्था, शक्ति केही व्यक्तिमा केन्द्रित हुनु र संस्थागत नियन्त्रण कमजोर हुनु नै अस्थिरताको मुख्य कारण हो भन्ने तर्क पुस्तकले अघि सारेको छ । नेपालको सन्दर्भमा हेर्ने हो भने पुराना भनिने परम्परागत दलहरूको सत्ता-केन्द्रित 'म्युजिकल चेयर' शैली स्वयं एउटा उदाहरणका रूपमा लिन सकिन्छ । गत दशकहरूमा संविधान निर्माण, संघीयता, समावेशीकरण र गणतन्त्र संस्थागत हुनु लगायतका सकारात्मक उपलब्धिहरू नभएका होइनन् । तर सुशासनको अभाव, भ्रष्टाचार, आन्तरिक शक्ति संघर्ष र नीतिगत अस्थिरताले ती उपलब्धिहरूलाई अपेक्षित परिणाममा रूपान्तरण गर्न सकेन । फलस्वरूप संविधानअन्तर्गत स्थापना भएका संस्थाहरू पनि प्रभावकारी रूपमा कार्यशील हुन सकेनन् ।

दोस्रो, लेखकहरूले लोकप्रियता प्रयोग गरेर शक्ति कब्जा गर्ने 'एक्स्ट्र्याक्टिभ पोलिटिक्स' लाई दीर्घकालीन रूपमा विनाशकारी भनेका छन् । यो अवधारणालाई आजको नेपालमा पुराना भनिनेहरूमा मात्रै होइन, नयाँ भनेर उदाएका राजनीतिक दल र अनुहारहरूसँग पनि सजिलै तुलना गर्न सकिन्छ । यहाँ विचार, नीति र संगठनात्मक संरचनामा भन्दा पनि पपुलिज्म, अझ स्पष्ट शब्दमा भन्नुपर्दा सामाजिक सञ्जालमा कसको कति उपस्थिति छ, त्यसैको आधारमा आफूलाई परिवर्तनको एकमात्र विकल्पका रूपमा प्रस्तुत गर्ने प्रवृत्ति देखिन्छ । यस प्रक्रियामा मुख्यधाराका मिडियाहरू पनि कहिलेकाहीँ यस्तै प्रवृत्तिको प्रत्यक्ष-अप्रत्यक्ष प्रक्षेपण आइरहेको देखिन्छ ।

कारणमा जनताले भोगिरहेका वास्तविक र गहिरा मुद्दाभन्दा पनि सतहमा नयाँ र पुराना राजनीतिक पात्र एवं प्रवृत्तिहरू मात्र चर्चामा रहन्छन् । नतिजास्वरूप देशका वास्तविक आर्थिक, राजनीतिक तथा सामाजिक मुद्दाहरू ओझेलमा परिरहेका छन् ।

तेस्रो, लेखकहरूका अनुसार असफल राष्ट्रहरूमा नेतृत्व छोटो अवधिको लाभ, जस्तै, लोकप्रिय समर्थन, चुनावी जित र तालीमा मात्र केन्द्रित हुन्छ, दीर्घकालीन नीति र संस्थागत विकासमा होइन । यो तर्क आजको नेपाली सन्दर्भमा अझ सान्दर्भिक देखिन्छ । वर्तमान चुनावी वातावरणमा नयाँ बनाम पुरानाको बहस सतहमा देश बनाउने नारामा सीमित देखिए पनि गहिराइमा हेर्दा एउटा पक्ष भदौ २३ गतेका घटनाको जवाफदेहिताबाट पन्छिन खोज्ने र अर्को पक्ष २४ गतेका घटनापछि भविष्यमा आफूमाथि हुनसक्ने कानुनी कारबाहीबाट बच्ने सत्ता-मोहमा केन्द्रित देखिन्छ । यसले राष्ट्रलाई सबल बनाउनेभन्दा पनि पुन: सत्ता-दौड र दण्डहीनताबाट जोगिने प्रवृत्ति झल्काउँछ ।

चौथो, राष्ट्र असफल हुने अर्को प्रमुख कारण व्यक्तिको शासनले विधिको शासनलाई विस्थापित गर्नु हो । नेपालको सन्दर्भमा नेतृत्व परिवर्तनको म्युजिकल चेयर शैली, सत्तामा पुगेकाहरूले आफ्ना पक्षधरलाई संरक्षण गर्ने र विपक्षीलाई दण्डित गर्ने प्रवृत्ति, साथै केही सीमित व्यक्तिहरू मात्र सत्तामा हाबी रहने अवस्था–यी सबै यसकै स्पष्ट उदाहरण हुन् ।

पाँचौं, स्पष्ट विचारधारा र नीतिगत निरन्तरता बिना आएको परिवर्तन सतही हुन्छ भन्ने लेखकहरूको अर्को महत्वपूर्ण सन्देश हो । माथि उल्लेख गरिएझैं, पुराना दलहरूमा कम्तीमा विचार, नीति र संगठनात्मक संरचनामा केही परिपक्वता देखिन्छ, यद्यपि कार्यान्वयन पक्ष भने निकै कमजोर छ । नयाँ शक्तिहरूको हकमा भने विचारधारा र संगठनको स्वरूप अझै अस्पष्ट अवस्थामा देखिन्छ ।

### अबको बाटो र चुनावी तालमेल

यसरी हेर्दा, हाम्रो देश हिजो होस् या आज, निरन्तर रूपमा असफल राष्ट्रतर्फ उन्मुख भइरहेको आभास हुन्छ । तर विगतका गल्तीबाट सिक्दै अघि बढ्ने हो भने आसन्न चुनाव देशलाई साँच्चै परिवर्तनको दिशामा मोड्ने अवसर पनि बन्न सक्छ । त्यसका लागि राजनीतिक रूपमा उदाएका सबै शक्तिहरूले लोकप्रियताको मोह त्यागेर स्पष्ट विचारधारा, नीतिगत प्राथमिकता, संस्थागत सोच र राष्ट्रिय हितलाई केन्द्रमा राखेर जनतामाझ प्रस्तुत हुन अपरिहार्य छ । चुनावलाई सत्ता प्राप्तिको अन्तिम लक्ष्य मात्र होइन, विधिको शासन सुदृढ गर्ने र संस्थागत सुधार अघि बढाउने माध्यमका रूपमा बुझ्न सक्नुपर्छ । तर आज नयाँ र पुरानाको बहस दीर्घकालीन विचार र राष्ट्रिय एजेन्डाभन्दा पनि जसरी पनि सत्ता प्राप्तिमै सीमित हुँदै गएको त छैन ? भन्ने गम्भीर प्रश्न उठेको छ । राजनीतिक दलहरूबिच देखिएको गठबन्धन र चुनावी तालमेल साझा वैचारिक दृष्टिकोणभन्दा बढी तत्कालीन राजनीतिक फाइदामा आधारित देखिन्छ । यसले चुनावलाई राष्ट्र निर्माणको अवसरभन्दा सत्ता प्राप्तिको रणनीतिक खेलमा सीमित गरिरहेको भान हुन्छ ।

एकातिर पुराना शक्तिहरू भदौ २३ गतेको निर्मम घटनाको जवाफदेहिताबाट पन्छिन सत्ता संघर्षमा केन्द्रित देखिन्छन् भने अर्कोतिर केही नयाँ पपुलर भनिएका शक्तिहरू भदौ २४ गते देशभर भएका तोडफोड र आगजनीका घटनाबाट उत्पन्न सम्भावित कानुनी परिणामबाट जोगिन सत्ता प्राप्तिमै बढी ध्यान केन्द्रित गरिरहेका छन् । दुवै अवस्थामा न्याय र नागरिक सुरक्षाभन्दा सत्ता नै प्राथमिकतामा परेको देखिन्छ, जसले लोकतन्त्रप्रतिको जनविश्वासलाई थप कमजोर बनाइरहेको छ ।

यस्तो अवस्थामा नेपालको राजनीतिक बहस नयाँ वा पुराना अनुहारको प्रतिस्पर्धामा मात्र सीमित हुनुको सट्टा- कस्तो राज्य चाहिएको हो, कस्तो शासन प्रणालीले नागरिकको सुरक्षा र सम्मान सुनिश्चित गर्छ र कस्तो नेतृत्वले देशलाई दीर्घकालीन स्थायित्व दिन सक्छ भन्ने प्रश्नमा केन्द्रित हुन आवश्यक छ । अन्यथा, चुनाव केवल सत्ता हस्तान्तरणको प्रक्रिया मात्र बन्नेछ, राष्ट्र निर्माणको अवसर होइन ।

अत: आउँदो चुनावले पुरानो संस्कारको निरन्तरतालाई झनै बलियो गरी अघि नबढाओस् । बरु राष्ट्र हितलाई केन्द्रमा राख्ने, विधिको शासन स्थापित गर्ने, दण्डहीनताको अन्त्य गर्ने, 'एक्स्ट्र्याक्टिभ पोलिटिक्स' लाई होइन 'इन्क्लुसिभ इन्स्टिट्युसन' निर्माण गर्ने, व्यक्तिको शासन होइन कानुनको शासन सुनिश्चित गर्ने र छोटो अवधिको लाभभन्दा दीर्घकालीन राष्ट्र हितलाई प्राथमिकता दिने स्पष्ट विचार र नीति संस्थागत हुने आशा जगाओस् ।

*(साभार: रातोपाटी)*

# थाकेको कांग्रेसमा गगनको गियर चेन्ज

✍ झलक सुवेदी

अघिल्लो साता यसै स्तम्भमा मैले नेपाली कांग्रेस कसरी प्रजापरिषद्को बाटोमा जान सक्छ भनेर आफ्नो मत राखेको थिएँ । यसैबीच मूलत: जागरुक युवा कांग्रेसहरूले आयोजना गरेको विशेष महाधिवेशन पछि उक्त पार्टीमा नयाँ पुनर्जागरणको युग आउँदै गरेको संकेत देखिन्छ । लामो समयदेखि विवाद, आलोचना र आकर्षणको एउटा केन्द्रका रूपमा रहेका युवा नेता गगन थापा नेतृत्वको समूहले नयाँ कांग्रेस निर्माणको अभिभारा आफ्नो काँधमा लिएको छ । यसले नेपाली राजनीतिका पछिल्ला कतिपय संकथनलाई बदलेको छ र बदल्ने छ । आजको आलेखमा यसका अर्थ र प्रभावका आयामबारे प्रारम्भिक चर्चा गरिने छ ।

### नवजागरणको उद्घोष

मंसिर २७ गते भृकुटीमण्डपको एउटा खुला सभामा जे हुँदैथियो, त्यसले नेपालको राजनीतिक इतिहासको एउटा अध्यायको पाना सकिएर अर्को अध्याय सुरु भएको जनाउ घण्टी बजाइरहेको थियो । कांग्रेस इतिहासको पहिलो विशेष महाधिवेशनका सहभागी वृद्ध नेता ओमकार श्रेष्ठ र पहिले नाम नसुनिएकी जेनजी पुस्ताकी करुणा कटुवालसम्मले राजनीतिको रंगमञ्चमा अर्को पर्दा उघ्रँदै गरेको र नयाँ पात्रहरू प्रवेश गर्दै गरेको सूचना दिन्थे । त्यो थियो नेपाली कांग्रेसको विशेष महाधिवेशनको उद्घाटन सत्र । यसले कांग्रेसको अनुहारमा लागेको धुलो टक्टकाउने र मूर्च्छित पार्टीलाई जीवन दिने नयाँ प्रयास गरिरहेको थियो । समकालीन नेपाली राजनीतिमा दुई पटक नेतृत्व परिवर्तनको लागि ठूलो आवाज उठेको छ । पहिलो पटक २०५७ देखि २०६१ सम्म यस्तो आवाज उठेको थियो । गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, शेर बहादुर देउवा, खुमबहादुर खड्का, गोविन्दराज जोशी, कृष्णप्रसाद भट्टराई, कमल थापा, सूर्यबहादुर थापा, वामदेव गौतम र केपी ओली तथा केही मधेशी नेताहरू आम मान्छेको निशानामा थिए । आर्थिक उदारीकरणका नकारात्मक झट्काहरूको प्रभाव, कांग्रेसले आरम्भ गरेर निरन्तरता पाएको दलीयकरणमाथिको आक्रोश र '३६ से' प्रकरण यसका आरम्भिक विन्दु थिए, जसले निराशा र आक्रोश जन्माइदिएका थिए ।

गणेशमानको विद्रोह, कृष्णप्रसाद भट्टराईमाथि गिरिजाले गरेको ज्यादती र अपमान, देउवाले आफ्नो कुर्सी बचाउन प्रयोग गरेको सांसद खरिद-बिक्री, बैंकक प्रकरण, प्राडो-पजेरो काण्डले कांग्रेसलाई बदनाम गराएका थिए । सुरासुन्दरी काण्डमा एमाले पनि चर्चामा थियो । एमाले र कांग्रेस बीच पञ्चायती नेताहरूलाई शिरमा राखेर पुज्न भएको प्रतिस्पर्धा तथा माओवादीको बढ्दो गतिविधिबाट समेत प्रभावित आम नागरिकले राजनीतिक दलको नेतृत्व परिवर्तनको माग गर्न थालेका थिए । नेताहरू बदनाम भएकाले ज्ञानेन्द्र विरोधी आन्दोलनका समयमा सात दलको अपिलमा सात सय मानिस उपस्थित नहुने अवस्था आएको थियो । तर ज्ञानेन्द्रले अधिनायकवादी शासनको अभ्यास गर्न थालेपछिको समयमा भने आम नागरिकले सुन चेतावनी दिँदै उनै नेताहरूलाई स्वीकार गरे र जनआन्दोलनमा सामेल भए । संकटकालको अन्त्य, हिंसाबाट मुक्ति र गणतन्त्रको स्थापनाका शर्तमा नागरिकले त्यतिबेलाका नेताहरूलाई माफी दिएका थिए । नेताहरूको सत्तामोह र कुशासनको बाङ्गो पुच्छर भने २०६३ पछि पनि सोझिएन ।

यो माग दोस्रो पटक २०७७ मा तत्कालीन नेकपामा देखिएको विभाजन र सत्तासंघर्षका क्रममा फेरि बलियो भएर आयो । दुई-दुई पटक संसद् विघटन, संविधानको स्वार्थपूर्ण झेली व्याख्या, संवैधानिक निकायहरू र न्यायालयको समेत दुरुपयोगको चर्चा र कुशासनका कारण त्यसयता खासगरी एमाले अध्यक्ष ओली, कांग्रेस सभापति देउवा र माओवादी अध्यक्ष प्रचण्ड, माधवकुमार नेपाल, वामदेव गौतम सहित पुरानो पुस्ताको नेतृत्व परिवर्तनको आवाज जोडदार रूपमा उठ्न थालेको थियो । यसलाई उनीहरूका बीच चलेको गठबन्धनहरू बन्ने-भत्कने 'म्युजिकल चेयर'को खेलले थप उकास्ने काम गरेको थियो ।

आरम्भमा यसलाई युवाहरूको सक्रियतामा काठमाडौं महानगरको निर्वाचनमा बालेन शाहको पक्षमा व्यक्त जनमतले ठोस अभिव्यक्ति दिएको थियो । लगत्तै संसदीय निर्वाचनमा रास्वपाले ल्याएको अनपेक्षित मत र पाएको समर्थनमा पनि यही आक्रोश र निराशा व्यक्त भएको थियो । तर कांग्रेस, एमाले र माओवादीले समयको यो चापलाई बुझ्न ढिलो गर्दै गए । पछिल्लो संसदीय निर्वाचनपछि थप वाक्क लाग्दा खेलहरू खेलिए । त्यसप्रतिको आक्रोशको चरम अभिव्यक्ति भदौ २३ र २४ का दिनहरूमा सडकमा व्यक्त भयो । यसका पछाडि लुकेर गरिएको लुटपाट र ध्वंसको आलोचना गर्दै गर्दा सडकमा उत्रेका लाखौं नरनारीको असन्तोष कसका कारणले सिर्जिएको थियो र कसप्रति लक्षित थियो भन्ने बिर्सनु कृतघ्नता ठहरिन्छ । प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन दुई ठूला दलको गठबन्धनको सरकार र कांग्रेस तथा एमालेको नेतृत्व यसका लागि मुख्य जिम्मेवार थियो र २३ गतेको बर्बर गोली प्रहार तथा युवाहरूको हत्याको लागि पनि यही पक्ष दोषी थियो (इतिहासमा यो रगतको अक्षरले लेखिइसकेको छ) ।

तर त्यसपछि पनि न केपी ओली न त एमाले, न शेरबहादुर न त कांग्रेसले इतिहासमा आफूले गरेको गल्ती स्वीकार गरे । गगनहरूको विद्रोहलाई त्यही सन्दर्भमा लिनुपर्छ, जसलाई उनीहरूले विशेष महाधिवेशनका प्रतिनिधि समक्ष पेश गरेका दस्तावेज र प्रस्तावहरूले मुखरित गरेका छन् । गगनहरूले गरेको यो विद्रोहलाई इतिहासले समय चेतना अनुसार गरेको हस्तक्षेपका अर्थमा लिनेछ र त्यसलाई गलत साबित गर्ने प्रयासहरू किनारामा धकेलिने छन् । यो विद्रोह यही जटिल घुम्तीमा पुग्दा पनि नगरेको भए गगनहरूको पनि समय सकिने थियो, फेरि नफर्कने गरी । गगनहरू सकिएर देशलाई के नोक्सान हुन्थ्यो या हुन्नथ्यो अलग हिसाबको विषय हो तर देउवाहरूको नेतृत्व कायम रहँदा देश थप बर्बादी र थप उग्र भदौ २४ का शृंखलाबद्ध पुनरावृत्तितिर जाने निश्चित थियो, छ । यस मानेमा गगनहरूलाई यो विद्रोहका लागि बधाई दिनुपर्छ । विशेष महाधिवेशनबाट उनी अध्यक्ष निर्वाचित हुँदै गर्दा संस्थापन पक्षले उनी सहित अर्का नेता विश्वप्रकाश शर्मा र सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पनि पार्टीबाट पाँच वर्षका लागि निष्कासन गरेको छ र दल विभाजनको औपचारिक घोषणा गरेको छ । कानुनी प्रश्नहरूको निरुपण निर्वाचन आयोग र अदालतले नै गर्लान् तर राजनीतिक वैधानिकता विशेष महाधिवेशन पक्षमा रहने छ ।

### गगनको वैचारिक पक्ष

गगन थापा नेपाली राजनीतिका नयाँ पात्र होइनन् अहिले आफूलाई प्रमाणित गरेका मात्र हुन् । नेतृत्व विरुद्धको विद्रोहपछि नवीकृत भएका हुन् । नेविसंघको महामन्त्रीका रूपमा युवा विद्यार्थीमाझ आफ्नो परिचय बनाएका गगनको सार्वजनिक राजनीतिक छवि नरहरि आचार्य र कृष्ण खनालहरूसँगै तत्कालीन राजनीतिक प्रश्नहरूको बारेमा लिएका अडानबाट भएको हो । उतिबेला गिरिजाप्रसाद कोइरालाले गुरु घिमिरे समेत यिनलाई गणतन्त्रका पक्षमा आवाज उठाएकोमा निलम्बन गरेका थिए । प्रतिगमन विरोधी आन्दोलनका उनी एक जना 'पोस्टर ब्वाई' थिए । उनको स्पष्ट विचार र भिन्न युवा व्यक्तित्वका कारण मिडियाले पनि उनलाई हाईहाई गरेको थियो ।

यिनले त्यसयता कांग्रेसको नयाँ पुस्ताको शक्तिशाली प्रतिभाका रूपमा आफ्नो छवि बनाइरहेकै थिए । यतिबेला, जेनजी आन्दोलनका आधारभूत प्रश्नहरूप्रति समर्थन जनाउँदै आफ्नो दलका तर्फबाट भए-गरेका गल्ती स्वीकार गर्न तयार भएर उनले एउटा विद्रोही, एउटा विचारशील र समयको चाप बुझ्न सक्ने नेताको छवि बनाएका छन् । उनका राजनीतिक मान्यता र कतिपय शैली तथा खास मुद्दामा उनले लिने अडानमा विमति राख्न त सकिन्छ तर अहिलेको नेपालका राजनीतिज्ञहरूमा उनी एक जना अब्बल सम्भावना बोकेका नेता हुन् भन्ने कुरामा विमति राख्न सकिन्न ।

यसपालि गगनले उठाएको जोखिमले उनको उचाइ मात्र उठाएको छैन, बरू यसले कांग्रेसमा नयाँ पुनर्जागरणको युग ल्याउने छ । यसका दूरगामी प्रभावहरू लामो समय नेपालले अनुभव गर्नेछ । महाधिवेशनमा पेश गरेको प्रतिवेदन हेर्दा उनले आफूलाई सनातनी कांग्रेस भन्दा खासै भिन्न नदेखाउन खोजे पनि पार्टीको चौधौं महाधिवेशनबाट नै गगनले आफूलाई बीपीको वैचारिक लिगेसीबाट मुक्त गर्ने प्रयास गरेका हुन् । उनले बीपीसँग गर्न खोजेको 'डिपार्चर' चाहिं समाजवादबाट मुक्त कांग्रेसको खोजी हो । सामाजिक न्यायसहित सामाजिक प्रजातन्त्रलाई उनले आफ्नो गन्तव्य बनाउन चाहेका छन् ।

यसको अर्थ उनी उदारवादी राजनीतिक दर्शनको पक्षमा छन् भन्ने लाग्छ । मार्क्सवादबाट 'डिभोर्स' खोजेका छन् । यसले नेपालमा भल्गर हुँदै र क्लिसे बन्दै गएको र स्वयं कांग्रेसका लागि बोझ बनेको 'प्रजातान्त्रिक समाजवाद'माथि न्याय गर्नेछ । लोकतन्त्र र बहुलवादप्रति प्रतिबद्धता, प्रचलित लोकतन्त्रलाई थप उदार (लिबरल), थप उन्नत र समावेशी तथा डेलिभरी दिने लोकतन्त्रका रूपमा विकसित र रूपान्तरित गर्ने प्रतिबद्धता उनले गरेका छन् । संवैधानिक उदारवाद, बहुलवाद र समावेशीकरणलाई उनले जोड दिएका छन् । यसले नेपाललाई बहुसंस्कृति र विविधतायुक्त समाजका रूपमा स्वीकार गर्दै त्यसको प्रतिविम्ब राज्यका निकाय र संवैधानिक राजनीतिक अङ्गहरूमा हुनेछ भन्ने स्पष्ट व्याख्या खोज्छ । यसरी मात्र नेपाललाई गतिशील लोकतन्त्रमा लैजान सकिन्छ । उनले बहुलवाद र धार्मिक स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याएका छन् । यी प्रतिबद्धताहरूले उनलाई नेपालको राजनीतिमा उदारवादी खेमाको नेताका रूपमा उभ्याउने छ । यसले कम्युनिस्टहरूसँग स्पष्ट वैचारिक भिन्नता र ध्रुवीकरणको माग गर्छ ।

### गगनले अघि सारेको समाधान

दस्तावेज र प्रस्तावलाई आधार बनाएर हेर्दा गगनहरूले खासमा जेनजी आन्दोलनका मर्महरूलाई आत्मसात् गरेका छन् र स्वीकार गरेका छन्: हो हामीबाट गल्ती भएकै थियो, हामी आत्मालोचना गर्दै सच्चिने कसम खान्छौं । यसो भनेको मूलत: शासकीय शैलीमा सुधार, कानुनको शासन, सत्तालिप्त मानसिकताबाट मुक्त नेतृत्वको खोजीलाई समर्थन गर्नु हो । नेपालभित्र सम्भावनाहरू छन् र हामी त्यसलाई सार्थक बनाउँछौं भनेर कसम खानु हो । देउवा नेतृत्वको संस्थापन पक्षले गगनहरूलाई कारबाही गरेर र विशेष महाधिवेशन बोलाउनै पर्ने वैधानिक व्यवस्था अस्वीकार गरेर लोकतन्त्रमाथि ठट्टा गरेको मात्र होइन, भदौ २३ गते सडकमा बगेको नेपाली युवा-युवतीको रगतको अपमान गरेको हो । कांग्रेसको मुख्य नेतृत्व यसैमा चुकेको हो र समाजलाई निराशामा कैद गर्ने ध्वाँस दिएको हो । गगनले म नेपाली समाजको नेतृत्व गर्छु, नेपाली नागरिकका आकाङ्क्षाहरूको नेतृत्व गर्छु भनेर दाबी गरिरहँदा उनको सम्पूर्ण राजनीतिक व्यक्तित्वको स्वीकार्यता र वैधानिकता यसै उद्घोषमा अन्तर्निहित छ ।

नेकपा एमालेको हालै सम्पन्न महाधिवेशन यस मामिलामा चुकेको छ र आफूलाई यथास्थितिवादको रक्षकका रूपमा उभ्याएको छ । म अचम्मित हुन्छु, मेरा सहकर्मी र नेता कमरेडहरू जो कठिन समयमा, किशोर वयमै विद्रोहको राँको बालेर समाज रूपान्तरणको पक्षमा हिंडेका थिए, यति छिटै समयभन्दा पछि फर्केर किन दौडिरहेका छन्? के सत्ताको लतले मान्छेलाई यति खराब बाटोमा लान्छ? इतिहास चेत भएका ऐतिहासिक भौतिकवादका अनुयायीहरू यसरी स्थिरता र जडताको पक्षमा कसरी उभिन सकेका ? कसरी युवा विद्रोहलाई पञ्चायती दरबारको भाषा पैंचो मागेर विदेशी चलखेल भनेर दोषारोपण गर्न सकेका ?

क्रमश: पृष्ठ-३....

# प्राथमिकता फेरिँदा मारमा विकास, आधा समय घर्किंदा खर्च १२ प्रतिशतमात्र



काठमाडौं/चालु आर्थिक वर्ष २०८२/८३ को आधा समय घर्किंदा विकास खर्च १२ प्रतिशतमात्र भएको छ । यसले पुन: एक पटक राज्यको प्राथमिकता विकास निर्माणमा नभएको पुष्टि गरेको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार पुस मसान्तसम्म ४९ अर्ब ४२ करोड रुपैयाँमात्र विकास खर्च भएको छ । जुन वार्षिक लक्ष्यको १२.१२ प्रतिशत हो । यस वर्ष सरकारले गत वर्षको तुलनामा समेत कम विकास खर्च गरेको छ ।

गत आव २०८१/८२ सम्म लक्ष्यको १६.१६ प्रतिशत विकास खर्च भएको थियो । अर्थात्, त्यस वर्ष ५६ अर्ब ९३ करोड बराबर विकास खर्च भएको तथ्यांक छ । यस वर्ष पहिलो अर्धवार्षिक अवधिमा मुलुकले ठूलो आन्दोलन सामना गऱ्यो । २३ र २४ भदौको जेनजी आन्दोलनका कारण राज्यको प्राथमिकता फेरिँदा विकास खर्च प्रभावित भएको सरोकारवाला बताउँछन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक उच्च अधिकारीका अनुसार नयाँ सरकार बनेलगत्तै अर्थ मन्त्रालयबाट धेरै आयोजना रोक्का गरियो । यसले विकासे अड्डामा अन्योल सिर्जना गऱ्यो । अर्कातर्फ, बहुवर्षीय ठेक्का लागेर रुग्ण बनेका आयोजनामा समेत धमाधम ठेक्का प्रक्रिया रद्द गर्ने अभियान सुरु गरियो । विगतका कमजोरी सुधारमा काम भए पनि नयाँ ठेक्का नलाग्नु र कतिपय ठेक्कामा अन्योल सिर्जना हुँदा विकास खर्च प्रभावित भएको उनले बताए ।

यसबीच अर्थ मन्त्रालयको प्राथमिकता समेत अनिवार्य दायित्वको जोहो, निर्वाचन र पुनर्निर्माणमा रह्यो । यसले चालु खर्च उल्लेख्य हुँदा विकास खर्च खुम्चिन पुगेको हो । यस वर्ष सरकारले कुल ४ खर्ब ७ अर्ब ८८ करोड रुपैयाँ बरबर पूँजीगत खर्चको लक्ष्य राखेको छ । यसमध्ये आर्थिक महिनाको आधा समय बित्दा ५० अर्बसमेत विकास खर्च भएको छैन ।

अर्थमन्त्री रामेश्वर खनालले कार्यभार सम्हाले लगत्तै पूँजीगत बजेटतर्फ खुद्रे आयोजनामा विनियोजित बजेट रोक्का राख्ने निर्णय गरेका थिए । पछि बहुवर्षीय आयोजना, विगतमा काम भएर भुक्तानी दिनुपर्ने सहित विभिन्न आयोजना क्रमश: फुकुवा गरिएको थियो । तत्कालीन भौतिकमन्त्री कुलमान घिसिङ र मन्त्रालयका अधिकारीहरूले बजेट रोक्का हुँदा विकास निर्माणका काम प्रभावित भएको सार्वजनिक रूपमै बोल्दै आएका थिए ।

**५ खर्ब नजिक चालु खर्च**

६ महिनामा सरकारले चालु खर्च भने ५ खर्ब नजिक गरेको छ । जसमा तलबभत्ता, सामाजिक सुरक्षा र तल्लो सरकारमा जाने अनुदान सहित खर्च पर्छ । कार्यालयका अनुसार पुस मसान्तसम्म ४ खर्ब ८७ अर्ब १४ करोड बराबर चालु खर्च भएको छ । यस वर्ष सरकारले चालु खर्चमा ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन गरेको छ । पुससम्म भएको खर्च लक्ष्यको ४१.२५ प्रतिशत हो ।

उता, वित्तीय व्यवस्थामा भने पुस मसान्तसम्म १ खर्ब ५३ अर्ब खर्च भइसकेको छ । जुन वार्षिक लक्ष्यको ४०.९५ प्रतिशत हो । यस वर्ष वित्तीय व्यवस्थामा ३ खर्ब ७५ अर्ब विनियोजन भएको छ । यस्तो बजेट सरकारले सार्वजनिक संस्थानमा गर्ने लगानी र सार्वजनिक ऋणको साँवा भुक्तानीमा खर्च हुने गर्छ ।

यस वर्ष पुससम्म कुल बजेट खर्च लक्ष्यको ३५.१४ प्रतिशत भएको छ । यस अवधिमा ६ खर्ब ९० अर्ब २१ करोड बजेट खर्च भएको छ । सरकारले चालु आव १९ खर्ब ६४ अर्ब ११ करोड बराबर बजेट कार्यान्वयन गरिरहेको छ ।

**आम्दानी र खर्चबीच १ खर्ब ८ अर्बको खाडल**

यस वर्ष पहिलो अर्धवार्षिक अवधिमा सरकारको आम्दानी र खर्चबीच १ खर्ब ८ अर्ब बराबरको खाडल छ । ६ महिनामा कुल बजेट खर्च ६ खर्ब ९० अर्ब २१ करोड पुग्दा राजस्व आम्दानी भने ५ खर्ब ८१ अर्ब ४१ करोड बराबर भएको अर्थ मन्त्रालयले जनाएको छ ।

यस वर्ष वैदेशिक अनुमान समेत न्यून आएको छ । कुल ५३ अर्ब ४४ करोड रुपैयाँ वैदेशिक अनुदान भित्र्याउने लक्ष्य राखिएकोमा ६ महिनामा ७ अर्ब १० करोडमात्र वैदेशिक अनुदान भित्रिएको छ । यसले समेत राज्यको आम्दानी प्रभावित बनेको देखिन्छ । बाँकी खर्च जुटाउन सरकार सार्वजनिक ऋणमा निर्भर रहनुपरेको छ ।

**आयकर घट्दा राजस्व संकलन लक्ष्य भेट्न कठिन**

६ महिनामा राजस्व संकलन भने लक्ष्यको ८१.७५ प्रतिशत भएको छ । पुस मसान्तसम्म ७ खर्ब ११ अर्ब २१ करोड राजस्व संकलन लक्ष्य थियो । संकलन भने ५ खर्ब ८१ अर्ब ४१ करोड बराबर भएको छ । यस वर्ष सरकारले १४ खर्ब ८० अर्ब बराबर राजस्व उठाउने लक्ष्य राखेको छ ।

सरकारले लिएको वार्षिक लक्ष्यको तुलनामा भने संकलन ३९.२८ प्रतिशत भएको छ । राजस्व संकलन गत आव २०८१/८२ को तुलनामा भने सामान्य बढेको छ । गत आव यसै अवधिमा राजस्व ५ खर्ब ६७ अर्ब उठेको थियो । चालु आवमा संकलन भएको राजस्व गत आवको यसै अवधिको तुलनामा २.४७ प्रतिशतमात्र धेरै हो ।

अर्थ मन्त्रालयको तथ्यांक अनुसार आयकर गत आवको तुलनामा समेत कम उठ्दा त्यसको असर समग्र राजस्वमा देखिएको छ । पुससम्म १ खर्ब ९४ अर्ब बराबर आयकर उठाउने लक्ष्य थियो । संकलन भने १ खर्ब ३८ अर्ब भएको छ । जुन लक्ष्यको ७१.११ प्रतिशत हो । गत आवको तुलनामा आयकर संकलन २.६६ प्रतिशत ऋणात्मक वृद्धिदर भएको छ । भन्सार महसुल गत आवको तुलनामा ८.०८ प्रतिशतले बढेको छ । तर, लक्ष्यको तुलनामा भने ७९.०३ प्रतिशतमात्र उठेको छ । भन्सार महसुल अपेक्षित नबढ्दा त्यसको असर कुल राजस्वमा देखिन्छ ।

यस अवधिमा सरकारले १ खर्ब ४६ अर्ब ८३ करोड भन्सार महसुल उठाउने लक्ष्य राखेको थियो । संकलन १ खर्ब १६ अर्ब रुपैयाँ भएको छ । मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ८.३१ प्रतिशत वृद्धि भएको छ । तर, लक्ष्यको ९०.१२ प्रतिशतमात्र संकलन भएको देखिएको छ । पुस मसान्तसम्म १ खर्ब ८६ अर्ब भ्याट संकलन लक्ष्य राखिएको थियो । संकलन भने १ खर्ब ६७ अर्बमात्र भएको छ । अन्त:शुल्क संकलन ९.४६ प्रतिशत बढेको छ । १ खर्ब १ अर्ब अन्त:शुल्क संकलन गर्ने लक्ष्य राखिएकोमा ९१ अर्ब २७ करोडमात्र संकलन भएको छ । जुन लक्ष्यको ९०.०६ प्रतिशत हो ।

अर्थ मन्त्रालयका अनुसार भन्सार र आन्तरिक राजस्व विभाग दुवै लक्ष्य अनुसार राजस्व उठाउन असफल भएका छन् । भन्सार विभागलाई सरकारले पुससम्म २ खर्ब ८६ अर्बको लक्ष्य दिएको थियो । संकलन भने २ खर्ब ३८ अर्बमात्र भएको छ । जुन लक्ष्यको ८३.३५ प्रतिशतमात्र हो । आन्तरिक राजस्व विभागलाई ३ खर्ब ४४ अर्बको लक्ष्य राखेकोमा २ खर्ब ७७ अर्बमात्र संकलन भएको छ । जुन लक्ष्यको ८०.५१ प्रतिशत बराबर हो । वार्षिक वृद्धिदर भन्सारको ८.४८ प्रतिशत र आन्तरिक राजस्व विभागको २.९९ प्रतिशत छ ।

*(स्रोत: अनलाइनखबर)*

# जेनजी आन्दोलनले खोजेको रुपान्तरण अनुसार नै अघि बढेको हो: लामा



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/विशेष महाधिवेशनबाट निर्वाचित नेपाली कांग्रेसका सहमहामन्त्री बहादुरसिंह लामाले जेनजीको आन्दोलनले नयाँ रुपान्तरण खोजेकोले सोही अनुसार आफूहरु अगाडि बढेको बताएका छन् ।

गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिको बैठकमा भाग लिनेक्रममा सञ्चारकर्मीसँग कुरा गर्दै लामाले एउटै अनुहार देखेर जनता वाक्क भइसकेको बताए । बागमती प्रदेशको पूर्वमुख्यमन्त्री समेत रहेका उनले आगामी निर्वाचनमा सुशासन कायम गर्ने, रोजगारी सिर्जना गर्ने लगायत एजेण्डा लिएर जाने बताए । विगतका कमीकमजोरीलाई सुधार गर्दै अगाडि बढ्ने उनले उल्लेख गरे । विशेष महाधिवेशनले जनताको र युवाको मनछुने, रोजगारी सिर्जना हुने, सुशासनका विधि लगायतका स्पष्ट नीति पारित गरेकोले सोही नीतिअनुसार अगाडि बढ्ने लामाले जानकारी दिए ।

'जेनजीको आन्दोलनले के भन्छ भने एकै अनुहार देखिरहँदा पनि अलिकति गाह्रो भयो, सुशासन कायम गर्ने, रोजगारी गर्ने कुरा लगायत मुद्दा लिएर चुनाव हुन लागेको छ । चुनावमा के मुद्दा लिएर जाने त ? भरोसा त दिनुपऱ्यो नी, जब मुद्दा हुँदैन, तबसम्म जनताले भोट दिँदैन । त्यसले गर्दा हामीले गरेका कामको केही कमी कमजोरीलाई पनि सुधार गरेर जान्छौँ । सबै कुरामा सुधार गरेर सुशासन हामी यसरी दिन्छौँ भनेर विशेष महाधिवेशनले स्पष्ट नीति पास गरेको छ । जनताको मन छुने, युवाको मन छुने, रोजगारी सिर्जना हुने, सुशासनका विधि यसरी गर्छौं भनेर हामीले पुष्टी गरेका छौं ।' लामाले आगामी निर्वाचनपश्चात् देशको नेतृत्व गगन थापाले गर्ने बताए ।

## स्वास्थ्य मन्त्री किरण थापाद्वारा सुधारका ठोस पहलकदमी

# स्वास्थ्यलाभ गर्दै विपन्नदेखि सर्वसाधारणसम्म



साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले स्वास्थ्य सेवाप्रणाली सुधार र सर्वसाधारणको पहुँच विस्तारका लागि पछिल्लो समय प्रभावकारी सुधारात्मक पहलकदमी अघि बढाएका छन् ।

मन्त्री थापाले आर्थिक अवस्था कमजोर भएका क्यान्सर रोगीलाई दिइँदै आएको उपचार सहयोग रकम ५० हजारबाट बढाएर १ लाख रुपैयाँ पुऱ्याएका छन् । यस कदमले मध्यम तथा न्यून आय भएका परिवारलाई क्यान्सर उपचारमा ठूलो राहत पुगेको मन्त्रालयले जनाएको छ । स्वास्थ्य संस्थाको दर्ता, नवीकरण तथा अनुगमन प्रक्रियालाई डिजिटल बनाउँदै प्रणाली लागू गरिएको छ । डिजिटल प्रणाली मार्फत् सेवाप्रवाह पारदर्शी, छरितो र उत्तरदायी बनेको मन्त्रालयको दाबी छ । मन्त्री थापाले भक्तपुर, हेटौंडा, धुलिखेल, धादिङलगायत विभिन्न स्थानका अस्पतालमा आकस्मिक निरीक्षणसमेत गरेका छन् ।

निरीक्षणका क्रममा उपकरणको अवस्था, सेवा गुणस्तर र व्यवस्थापन सुधारका लागि आवश्यक निर्देशन दिँदै 'सेवाग्राहीमैत्री स्वास्थ्य सेवा'लाई प्राथमिकता दिन जोड दिएका छन् । गैरसंक्रामक रोगको बढ्दो जोखिमलाई ध्यानमा राख्दै 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' अभियानसमेत सुरु गरिएको छ । रक्तचाप, मधुमेह, मानसिक स्वास्थ्य लगायत समस्याको रोकथामका लागि राष्ट्रियस्तरको सचेतना अभियान र जिल्ला समन्वय समूह गठन गरी कार्यक्रम अगाडि बढाइएको छ । स्वास्थ्यलाई सरसफाइ र सडक सुरक्षासँग जोड्दै मन्त्री थापाले 'राष्ट्रका लागि २ घण्टा' जस्ता सरसफाइ अभियानमा प्रत्यक्ष सहभागिता जनाउँदै आएका छन् । साथै सूर्यविनायक अस्पताललाई ट्रमा सेन्टरमा उन्नत गर्ने योजना अघि बढाइएको छ, जसले दुर्घटनापीडितलाई समयमै गुणस्तरीय उपचार उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

# थाकेको कांग्रेसमा...

गगनले इतिहासका कमजोरीहरूको जिम्मेवारी लिएका छन्, माफी मागेका छन् र सारा युवाका आक्रोश र प्रश्नहरूको सामना गर्ने हिम्मत गरेका छन् । समयले खास अवस्थामा माग गर्ने नेताका रूपमा उनले आफूलाई उभ्याएका छन् । गगनहरूको विद्रोहले देउवा युगको अन्त्य गर्नेछ । यससँगै सत्ता समीकरण, दलीयकरण, नागरिकहरूको अभिमतमाथि खेलबाड, डेलिभरीबाट विमुख, कुर्सीको खेलबाहेक अन्य कुरा नदेख्ने, गुट चलाउने डिमेन्सियाग्रस्त अटेरी नेतृत्वले बाटो छोड्न बाध्य हुनेछ । अवश्य पनि यसले नेकपा र नेकपा एमाले जस्ता दलमा रूपान्तरण खोजिरहेका युवाहरूलाई प्रोत्साहित गर्नेछ । त्यसका परिणाम समयक्रममा देखिने छन् । राजनीतिमा जमेको फोहोर पोखरी खुलेर सफा हुने क्रम आरम्भ भएको छ ।

**कानुनी झमेला र निर्वाचन**

यो विद्रोहलाई वैधानिकता दिनुपर्ने दुई वटा पक्ष भने अनिश्चित बनेका छन् । पहिलो, पार्टीको नाम, झन्डा र चुनाव चिह्नको स्वामित्वमा आजैबाट सुरु हुने कानुनी संघर्ष । गगन पुस्ताको विद्रोहबाट सीमान्तमा धकेलिएको र राजनीतिक वैधानिकता गुमाएको देउवा पक्ष निर्वाचन आयोगमा गएर प्राविधिक वैधता खोज्ने प्रयासमा लागेको छ । गगनलाई यो चुनौती चर्को पर्ने निश्चित छ ।

अर्को वैधानिकता दिने भनेको निर्वाचनले हो । ६ दिन पछि नै प्रत्यक्षतर्फको निर्वाचनमा उम्मेदवार दाखिला गर्नुपर्ने भएकोले समय अत्यन्त कम छ । निर्वाचन आयोग २०७७ मा नेकपा विवादको समयमा जस्तो पक्षधरतामा फसेन भने मात्र यसले सहज निकास पाउने छ । यो जटिलताले गगनहरूलाई केही मनोवैज्ञानिक दबाबमा धकेल्ने छ । उनीहरूले लामो बाटो तय गर्नुपर्ने सम्भावना पनि छ । अवश्य पनि यो स्थापनाकालीन कांग्रेस नेतृत्वले वैयक्तिक जीवनमा आइपर्ने कठिनाइ र जोखिम उठाउन गरेको साहस भन्दा अलि कम चुनौतीपूर्ण हुनेछ ।

**वर्गीय आधार र सम्भावित ध्रुवीकरण**

पार्टीको वैधानिकता गगनको हातमा जानेछ भन्ने विश्वाससहित केही कुरा गरौं । अबको नेपाली कांग्रेस कुन वर्गमा आधारित हुनेछ ? के यसले आम नेपाली नागरिकको साझा नेपाल, साझा समृद्धि, साझा उन्नयनको बाटो लिनेछ ? या कुन वर्गको पक्षमा उभिनेछ ? कसको सेवा गर्नेछ ?

मूलत: मध्यम वर्गका मतदाताको शक्ति एमालेसँग सेयर गर्दै बुर्जुवा वर्गको सेवा गर्दै आएको पार्टी हो नेपाली कांग्रेस । यसले २०१५ सालमा बीपीको नेतृत्वमा लिएका नीतिहरू सामन्तवादको समाप्ति र पूँजीवादका लागि सहज बाटो बनाउनमा केन्द्रित थिए । भूमिसुधार तथा अन्य सामाजिक सुधारको पक्षमा उभिएको कांग्रेसका नीतिहरूलाई समाजवादी विचारधाराले प्रभावित गरिरहेका थिए ।

२०४८ साल पछिको कांग्रेसले समाजवादबाट आफ्नो ध्यान हटायो र नवउदारीकरणका माध्यमबाट बुर्जुवा वर्गको उत्थानमा सहयोग गर्ने नीति अवलम्बन गर्न पुग्यो । मध्यम वर्गीय ग्रामीण मतदाता पनि कांग्रेसका साझा जनाधार भएकाले उसका नीतिले तल्लो वर्गको पक्षमा केही निर्णयहरू लिएको भए पनि मूलत: ठूलो बुर्जुवा वर्ग र दलाल पूँजीपति वर्गको सेवा कांग्रेसका नीतिहरूको सारमा थियो । 'क्रोनीहरू' कांग्रेस र एमालेका बीचमा विभाजित थिए, कतिपय त साझा पनि थिए । अरू वर्गका मतदातामा जस्तै ठूलो बुर्जुवा वर्गको 'कन्स्टिच्युयन्सी'मा एमाले र कांग्रेसको तानातान छ ।

भृकुटीमण्डपमा जम्मा भएका गैरसरकारी कांग्रेसीहरूलाई हेर्दा यो नेपालको सानो र मझौला पूँजीपति वर्गको पार्टी हो जस्तो देखिन्छ । पूँजीवादी उत्पादन प्रणालीसँग जोडिएको र त्यसका लागि पुरानो सामन्तवादी युगको उत्तराधिकारमा प्राप्त भूमिबाट उठेको (जागिर खाएर या व्यापार व्यवसाय गरेर) शहरिया पूँजीपति (बुर्जुवा) वर्ग र धनी किसान जगमा रहेको ग्रामीण उच्च मध्यम वर्ग नै कांग्रेसको जनाधार हो भन्ने मेरो अल्पसमयको अब्जर्भेसनको निष्कर्ष हो ।

उदीयमान रास्वपाले पनि मूलत: उदारवादलाई नै आफ्नो मुख्य वैचारिक धार बनाएको सन्दर्भमा नेपालमा बुर्जुवा वर्गका दुई दलहरू बन्ने र बुर्जुवा वर्गका दुई समूहका बीच एउटै 'स्पेस'का लागि प्रतिस्पर्धा हुने सम्भावना बढाइदिएको छ । बुर्जुवा वर्गको एउटा हिस्साको प्रतिनिधित्व गर्दै आएको तथा आफ्ना नीतिहरूका माध्यमबाट उपल्लो बुर्जुवा वर्गको उत्पादन पनि गर्दै आएको नेकपा एमाले यो प्रतिस्पर्धाबाट बाहिर धकेलिन सक्छ । आरम्भमा कांग्रेस, एमाले र रास्वपाका बीच यो वर्गको प्रतिनिधित्वका लागि प्रतिस्पर्धा हुनेछ । यसपटकको निर्वाचन पछि नेतृत्वमा दाबी गुमाउनेले ठुलो बुर्जुवा वर्गको समर्थन गुमाउनेछ ।

धेरै सम्भावना के छ भने एमाले सानो हैसियतको उद्यम गरिखाने बुर्जुवा वर्ग र शहरिया मध्यम वर्ग तथा ग्रामीण एलिट र निम्न पूँजीपतिहरूको पार्टीमा बदलिने छ । विचारधारात्मक रूपमा आफ्नो भागमा परेको यो ग्राउन्ड अनुकूल नीति बनाउन सके एमालेले वामपन्थी राजनीतिको झन्डा फेरि बोक्न सक्थ्यो । यसो हुनसके देशको समग्र राजनीति विचारधारात्मक ध्रुवीकरणतिर लाग्न सक्छ । यो हाम्रो लोकतन्त्रको भविष्यका लागि पनि सकारात्मक नै हुनेथियो ।

गगनको नेतृत्वमा कांग्रेसले लिने नीतिले नेपालको राजनीतिलाई थप गतिशील बनाउने निश्चित छ । यसको दबाब अहिले नै एमाले, नेकपा र रास्वपा जस्ता दलमा पर्नेछ ।

*साभार: अनलाइनखबर*

# बचत छुँदै मुद्दतीको ब्याजदर, घट्ने क्रम किन रोकिएन ?

काठमाडौं/नेपाल राष्ट्र बैंकले अधिक तरलता व्यवस्थापन गर्न चालेका कदम सफल हुन नसकेको देखिन्छ । बैंकहरूले माघ महिनाका लागि तोकेको ब्याजदरले नै तरलता खिच्न केन्द्रीय बैंकका प्रयास असफल भएको स्पष्ट हुन्छ । वाणिज्य बैंकहरूले मंगलबार सूचना जारी गर्दै माघको निक्षेपको ब्याजदर पुसको तुलनामा घटाएका छन् । बैंकहरूको बचतको ब्याजदर घटाउन पाउनेसम्मको अन्तिम बिन्दुमा पुऱ्याइसकेका छन् ।

तर, मुद्दती निक्षेपको ब्याजदर पनि बचतकै बराबर गर्ने गरी बैंकहरूले ब्याजदर घटाउन बाध्य भएका छन् । उनीहरूले ब्याजदर घटाउनु भनेको थेग्न नसकिने अधिक तरलताले बढाएको खर्च व्यवस्थापन रहेको पूर्वबैंकर परशुराम कुँवर क्षेत्री बताउँछन् । २० वाणिज्य बैंकले सार्वजनिक गरेको सूची अनुसार व्यक्तिगत मुद्दती निक्षेपमा दिने अधिकतम ब्याजदर औसतमा पुसको तुलनामा माघमा ०.१४९५ प्रतिशत बिन्दुले झरेको छ ।

पुसमा व्यक्तिगत मुद्दतीमा दिने अधिकतम ब्याजदर औसत ४.८३४ प्रतिशत रहेकोमा माघमा ४.६८४५ प्रतिशतमा झरेको छ । व्यक्तिगत मुद्दतीको अधिकतम ब्याजदर माघमा ५.५ प्रतिशतमा कायम छ । ग्लोबल आईएमई बैंकले सबैभन्दा धेरै ५.५ प्रतिशत ब्याजदर तय गरेको छ । पुसको तुलनामा माघमा ११ बैंकले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर घटाएका छन् भने ८ ले स्थिर राखेका छन् । एउटाले बढाएको छ । अधिकांशले ब्याजदर घटाएसँगै औसतमा ब्याजदर घटेको छ ।

नेपाल राष्ट्र बैंकले अभ्यासमा ल्याएको ब्याजदर करिडोरको तल्लो सीमा अर्थात् २.७५ प्रतिशत ब्याज पाउने गरी बैंकहरूले पैसा राख्न सकिने सुविधा उपलब्ध गराएको छ । यस्तो सुविधा अधिक तरलता भएको अवस्थामा बैंकहरूले प्रयोग गर्न सक्छन् । त्यो भनेको स्थायी निक्षेप सुविधा हो । यो अधिक तरलता व्यवस्थापन गर्ने अल्पकालीन औजारमध्ये एक हो ।

यो सुविधाका लागि बैंकहरूले बचतको ब्याजदर २.७५ प्रतिशतभन्दा काम गर्न सक्दैनन् । स्थायी निक्षेप सुविधा प्रयोग गर्न नपर्ने बैंकले बचतको ब्याजदर त्यसभन्दा कम पनि गर्न भने सक्छन् । यो व्यवस्थाले गर्दा बचतको ब्याजदर सोही बिन्दुमा कायम भएको छ भने मुद्दती निक्षेपको ब्याजदर ५ प्रतिशत हाराहारी छ ।

बैंकहरूले बचत र निक्षेपको ब्याजदर अन्तर अधिकतम ५ प्रतिशत कायम गर्नुपर्छ । तर, न्यूनतमको सीमा केन्द्रीय बैंकले नतोकेको हुनाले बचत बराबर जान सक्ने देखिन्छ । त्यसैले पनि बैंकहरूले लागत कम पनि हुने भन्दै मुद्दतीको ब्याजदर क्रमिक घटाएको क्षेत्रीले बताए ।

पछिल्लो समय वित्तीय प्रणालीमा अधिक तरलता समस्या जटिल बनेको छ । बिहीबारसम्म बैंक तथा वित्तीय संस्थाको ६ खर्ब २१ अर्ब राष्ट्र बैंकमा छ । यो रकम स्थायी निक्षेप सुविधा, ऋणपत्र र निक्षेप संकलनको कुल हो । केन्द्रीय बैंकले अल्पकालीन औजार मार्फत तरलता खिच्दा कुनै असर नदेखिएपछि राष्ट्र बैंक ऋणपत्र मार्फत एक वर्षका लागि स्थायी निक्षेप सुविधाकै ब्याजदर निष्कासन गऱ्यो ।

केन्द्रीय बैंकले ऋणपत्र मार्फत पुसमा कुल २ खर्ब रुपैयाँ वित्तीय प्रणालीको तरलता खिचेको छ । केन्द्रीय बैंकले दीर्घकालीन औजार मार्फत तरलता खिच्दा समेत अधिक तरलताको अवस्थामा रहेपछि बैंकहरूले ब्याज घटाएर खर्च कटौतीमा ध्यान दिएको क्षेत्रीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'परिवर्तन'को ट्रेलरमा दर्शकले रुचाए सुशीलको एक्सन

काठमाडौं/पछिल्लो समय नेपालमा एक्सनप्रधान फिल्मको बाढी नै आइरहेको छ । करिब एक दशक मृतप्राय: रहेको यो जनरा '१२ गाउँ'को सफलतापछि फेरि निर्माताको रोजाइमा पर्न थालेको छ । यही क्रममा माघ ९ गते अर्को एक्सन फिल्म 'परिवर्तन' प्रदर्शन हुँदैछ । एक्सन-प्याक्ड टिजरपछि चर्चामा आएको यो फिल्मको यसै साता सार्वजनिक ट्रेलरले दर्शकमा थप उत्साह बढाएको छ ।

युट्युब रिलिजको तीन दिनमा ट्रेलरलाई ११ लाखभन्दा बढी भ्यूज प्राप्त हुनुले पनि फिल्मप्रति दर्शकको बढ्दो चासो र उत्साहलाई दर्शाउँछ ।

ट्रेलरलाई प्रतिक्रिया पनि उत्कृष्ट मिलेको छ । युट्युबमा प्राप्त १२ सयभन्दा बढी कमेन्टमा अधिकांशले सुशील श्रेष्ठको एक्सनको प्रशंसा गरेका छन् । कतिले साउथ र बलिउड लेभलको एक्सन रहेको भन्दै फिल्म सफल हुने ठोकुवा गरेका छन् ।

ट्रेलरमा फिल्मको एक्सनसहित पात्रहरूको सम्बन्धलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ । सुशील श्रेष्ठलाई केन्द्रमा राखिएको ट्रेलरले सत्ता मोह र युवा विद्रोहको कथामा फिल्म बनेको प्रस्ट पार्छ । उच्च स्तरको मेकिङ, सशक्त एक्सन दृश्य र प्रभावशाली ब्याकग्राउन्ड स्कोरले ट्रेलरलाई आकर्षक बनाएको छ । यसैले दर्शकले पनि ट्रेलरप्रति उत्साह व्यक्त गरेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विद्युत प्रशारण तथा वितरणमा खुला पहुँच निर्देशिका जारी

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/विद्युत नियमन आयोगले विद्युत प्रणालीमा प्रतिष्पर्धा, पारदर्शिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यसहित 'विद्युत प्रशारण तथा वितरण प्रणालीमा खुला पहुँच सम्बन्धी निर्देशिका, २०८२' जारी गरेको छ ।

आयोगले विद्युत नियमन आयोग ऐन, २०७४ अनुसार तथा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयद्वारा जारी गरिएको 'जेनेरल नेटवर्क एक्सेस फ्रेमवर्क' को नीतिगत खाका आधारमा निर्देशिका लागू गरेको हो ।



निर्देशिकामार्फत् विद्युत प्रणालीमा भेदभावरहित खुला पहुँचको व्यवस्था कार्यान्वयनमा ल्याउने लक्ष्य लिइएको आयोगले जनाएको छ । यसअन्तर्गत ३३ केभी वा सोभन्दा माथिल्लो भोल्टेज स्तरमा जोडिएका ५ मेगावाट वा सोभन्दा बढी क्षमताका विद्युत आयोजना, न्युनतम १ मेगावाट क्षमताका क्याप्टिभ आयोजना, तथा ३३ केभी वा सोभन्दा माथिल्लो भोल्टेजमा जोडिएका ५ मेगावाट वा सोभन्दा बढी क्षमताका औद्योगिक तथा व्यापारिक उपभोक्ताले खुला पहुँच सेवा लिन सक्ने व्यवस्था गरिएको छ ।

निर्देशिकामा अन्तरदेशीय विद्युत व्यापारका लागि खुल्ला पहुँच प्रयोग गर्दा न्यूनतम १० मेगावाट क्षमता हुनुपर्ने स्पष्ट व्यवस्था गरिएको छ । खुला पहुँच प्रदान गरिएका निकायले यस निर्देशिकाको अधिनमा रही प्रसारण वा वितरण प्रणाली बिनाभेदभाव प्रयोग गर्ने अधिकार पाउनेछन् । निर्देशिकामा खुला पहुँचलाई तीनवर्गमा विभाजन गरिएको छ । दीर्घकालीन खुल्ला पहुँचअन्तर्गत ५ वर्षभन्दा बढी, विद्युत खरिद सम्झौतामा तोकिएको अवधिसम्म पाउनेछन् भने मध्यकालीन खुल्ला पहुँचअन्तर्गत १ वर्षभन्दा बढीदेखि ५ वर्षसम्म पाउने व्यवस्था निर्देशिकाले गरेको छ । त्यस्तै अल्पकालीन खुल्ला पहुँचतर्फ १ वर्षसम्म, न्युनतम २४ घण्टाको अवधिका लागि व्यवस्था गरिएको छ ।

खुल्ला पहुँच प्रदान गर्दा दीर्घकालीन खुल्ला पहुँचलाई पहिलो प्राथमिकता र अल्पकालीन खुला पहुँचलाई तेस्रो प्राथमिकता दिइने व्यवस्था गरिएको छ । यस्तै, खुल्ला पहुँचको निवेदन संकलन, मूल्यांकन तथा स्वीकृतिका लागि नेपाल विद्युत प्राधिकरणको विद्युत प्रणाली सञ्चालन विभागलाई तोकिएको छ । खुला पहुँच प्रयोगकर्ताले प्रयोगकर्ताको प्रकृति अनुसार ९ किसिमका शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । ती शुल्कमा प्रसारण शुल्क, ह्विलिङ शुल्क, डेभिएसन सेटलमेन्ट शुल्क, क्रस सब्सिडी शुल्क, अतिरिक्त सरचार्ज, स्ट्याण्डबाइ शुल्क, रिएक्टिभ ऊर्जा शुल्क, सेड्युलिङ शुल्क, सञ्चालन शुल्क समावेश छन् ।

यद्यपि, सबै प्रयोगकर्तालाई सबै शुल्क लाग्ने छैनन् । यी शुल्क आयोगले समयसमयमा निर्धारण गरेअनुसार परिवर्तन हुन सक्नेछ । दीर्घकालीन खुल्ला पहुँचका हकमा भने प्रणालीको स्तरोन्नति तथा सुदृढीकरणमा खुल्ला पहुँच प्राप्तकर्ताले समेत योगदान गर्नुपर्ने हुनसक्छ । निर्देशिका कार्यान्वयनका लागि विस्तृत कार्यविधि निर्माण गरी लागू गर्ने, साथै प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र खुल्ला पहुँच ग्राहकबीच हुने खुल्ला पहुँच सम्झौताको नमूना तयार गर्ने व्यवस्था गरिएको छ । खुल्ला पहुँचसम्बन्धी गुनासो भएमा खुल्ला पहुँच गुनासो समाधान समितिमा निवेदन दिन सकिने, समितिको निर्णयप्रति चित्त नबुझेमा आयोग समक्ष विवाद समाधानका लागि निवेदन दिन सकिने व्यवस्था छ ।

**खुल्ला पहुँच: विद्युत क्षेत्रमा कोशेढुंगा**

आयोगकाअनुसार खुला पहुँचको सुरुवात कुनैपनि देशको विद्युतक्षेत्रमा एक कोशेढुंगा हो । यसले प्रशारण तथा वितरण संरचना निर्माण र सञ्चालनमा निजीक्षेत्रको प्रवेशलाई प्रोत्साहन गर्नेछ । खुल्ला पहुँचअन्तर्गत संरचना निर्माण तथा सञ्चालन गर्ने संस्थाले प्राप्त गर्ने दस्तुरबारे स्पष्टता हुने भएकाले निजी लगानीका लागि अनुकूल वातावरण तयार हुने आयोगको विश्वास छ । यस व्यवस्थाले विद्युत उत्पादकलाई स्वयं बजार खोजी गरी प्रत्यक्ष विद्युत विक्री गर्ने अवसर प्रदान गर्नेछ ।

प्रसारण अनुमतिपत्र प्राप्त व्यक्तिको संरचनामा उपलब्ध क्षमताको प्रयोग गरी निजीक्षेत्रलाई स्वदेश तथा विदेशमा विद्युत निर्यात गर्ने नियामकीय आधार समेत प्रदान गर्ने आयोगको विश्वास छ । खुल्ला पहुँचले उत्पादन, प्रशारण र वितरण प्रणालीलाई दक्षतापूर्णरुपमा सञ्चालन गर्ने वातावरण निर्माण गर्ने तथा प्रसारण संरचनाको प्रयोग क्षमता बढाउने अपेक्षा गरिएको छ । भविष्यमा ग्राहस्थ उपभोक्ताले समेत विद्युत आपूर्तिकर्ता छनोट गर्नसक्ने प्रणाली विकास गर्न खुल्ला पहुँच अनिवार्य पूर्वाधार हुने आयोगको धारणा छ ।

हाल विद्युत खरिद-विक्रीमा देखिएका चुनौतीका कारण उत्पादन आयोजना अघि नबढ्ने र विद्युत विकास नै प्रभावित हुने चिन्ता देखिएको अवस्थामा खुला पहुँचले उत्पादनलाई सम्भावित बजारसँग प्रत्यक्ष जोड्ने माध्यम प्रदान गर्ने आयोगले जनाएको छ । यसले दक्ष प्रवर्द्धक र व्यवसायीलाई नेपाल विद्युत प्राधिकरणसँगको विद्युत खरिद सम्झौता कुर्नु नपरी आयोजनामा लगानी गर्न उत्प्रेरित गर्ने विश्वास लिइएको छ । खुल्ला पहुँचको व्यवस्थाले विद्युत क्षेत्रमा नयाँ सम्भावनाका ढोका खोल्ने आयोगको निष्कर्ष छ ।

## हेटौंडामा मनाइयो...

पछिल्लो समय हेटौंडा विभिन्न जातजाति र समुदायको साझा बसोबासस्थल बन्दै गएको उपमहानगरप्रमुख लामाले बताइन् । थारु कल्याणकारी सभाकी केन्द्रीय सदस्य जानकी चौधरीले अन्य क्षेत्रबाट हेटौंडामा बसोबास गर्दै आएका थारु समुदायले आफ्नो कलासंस्कृतिको पहिचान जोगाउनका लागि माघी मनाएको बताइन् ।

थारु होमस्टे सञ्चालनका लागि आवश्यक स्थान उपलब्ध गराइदिन उनले उपमहानगर पालिकासमक्ष आग्रह गरिन् । माघी महोत्सवमा थारु परिकारको स्टल समेत राखिएको थियो । घुँगीको परिकार, माछाको अचार, भुजा तीलको लड्डुलगायतका परिकार स्टलमा राखिएको थियो । औपचारिक कार्यक्रम अघि झाँकी सहितको र्‍याली निकालिएको थियो ।

माघी महोत्सव मूलसमारोह समिति संयोजक एवम् थारु कल्याणकारिणी समिति मकवानपुर सभापति सचिदानन्द चौधरीको सभाध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ४, १० र ११ का वडाअध्यक्षहरु नबीन सिग्देल, फुर्वादोर्जे लामा, जुना दाहाल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, दनुवार समाज मकवानपुर अध्यक्ष कृष्णबहादुर राई लगायतको आतिथ्यता थियो । थारु जातिले माघेसंक्रान्तिलाई पाँच दिनसम्म मनाउँछन् । यो पर्वको ऐतिहासिक महत्व जति छ धार्मिक तथा सांस्कृतिक महत्व पनि उत्तिकै छ । पश्चिम तराईमा कमैया मुक्ति हुनुभन्दा पहिले कमैया बस्ने-नबस्ने निर्णय पनि यही माघेसंक्रान्तिमा हुने गर्दथ्यो ।

अधिया खेत जोत्नेलाई खेतबारी दिने या नदिने निर्क्योल पनि माघेसंक्रान्तिका अवसरमा हुने गर्छ । त्यसैले माघेसंक्रान्तिलाई सामाजिक सद्भाव, मेलमिलाप, स्वतन्त्रता र सांस्कृतिक पर्वको रुपमा लिइन्छ । थारु समुदाय माघेसंक्रान्ति पर्वलाई कम्तिमा पाँच दिन मनाउँछन् । पौष मसान्तको अघिल्लो दिन नजिकको तालतलैया, नदी, सागर वा कुलोमा गएर माछा मार्ने चलन छ । यसलाई थारु जातिले मच्छीमर्ना माघ भन्दछन् । माघेसंक्रान्तिका दिन रातोमासु देखाउन हुँदैन भन्ने पौराणिक मान्यताअनुसार पुस मसान्तको दिन सुँगुर, बंगुर काट्ने प्रचलन छ । यो दिनलाई सुवर मर्ना माघ भनिन्छ ।

**प्रदेशप्रमुख र मुख्यमन्त्रीको शुभकामना सन्देश**

माघीपर्वकै अवसरमा बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा र मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले शुभकामना सन्देश जारी गरेका छन् । प्रदेशप्रमुख देवकोटाले चाडपर्वहरु खुशी र समृद्ध जीवनका आधार भएको बताएका छन् । उनले चाडपर्वमा नेपाली समाजको मौलिकता र विशिष्टता झल्किने शुभकामना सन्देशमा उल्लेख गरेका छन् ।

'विविधताको सुन्दर फूलवारीमा राष्ट्रिय एकता, मेलमिलाप, सहिष्णुता र सहअस्तित्व फक्रिँदा सुन्दर, शान्त र विशाल नेपालमा परमआनन्दको अनुभूति हुन्छ,' प्रदेशप्रमुखले भने । उनले सांस्कृतिक सम्पन्नता र गौरवलाई कायम राख्दै सुन्दर, शान्त र समृद्ध देश निर्माणमा एकजुट भएर अघि बढ्न पर्वले सबैलाई प्रेरणा दिने विश्वास व्यक्त गरे ।

त्यसैगरी मुख्यमन्त्री बानियाँले चाडपर्वले सुसंस्कृत समाज निर्माणमा मद्दत गर्ने बताए । उनले चाडपर्वले सामाजिक विभेद र विसंगतिहरु अन्त्य गर्दै समतामूलक एवम् सुसंस्कृत समाज निर्माण गर्न योगदान गर्ने विश्वास व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले चाडपर्व र संस्कृतिको संरक्षण तथा संवर्द्धन सबैको दायित्व भएको उल्लेख गर्दै यसलाई विकसित गरेर राष्ट्रिय एकता र समृद्धिसहितको सामाजिक परिवर्तन संस्थागत गर्ने दिशामा प्रदेश सरकार प्रतिवद्ध रहेको स्पष्ट पारे । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषताले समृद्ध राष्ट्र भएको बताउँदै मुख्यमन्त्री बानियाँले अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान नेपालीको साझा पहिचान रहेको उल्लेख गरे । प्रदेशमा रहेका सबै समुदायका मौलिक संस्कृतिको सम्मान गर्दै सहअस्तित्व र एकता कायम राख्न सरकार सदैव तयार रहेको उनको भनाइ थियो ।

प्रदेशभित्र बसोबास गर्ने विभिन्न जातजातिका संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासका लागि आवश्यक सहयोग उपलब्ध गराइने प्रतिबद्धता मुख्यमन्त्री बानियाँले व्यक्त गरेका छन् । हिमाल, पहाड र तराईमा बस्ने विभिन्न जातजातिले आआफ्ना विशेषता र परम्परानुसार यो पर्व मनाउने गर्छन् । तरुल लगायत कन्दमूल तथा घिउ, चाकु, तिलको लड्डु र खिचडीका परिकार सेवन गर्दै मनोरञ्जनपूर्वक खुसी साटासाट गर्ने यो पर्वले नेपालीबीच बन्धुत्व, सद्भाव र एकता कायम राख्न सहयोग पुर्‍याउँदै आएको बताइएको छ ।

हार्दिक बधाई तथा शुभकामना



मेरा आत्मीय भाइ श्री सन्तोष पराजुली JCI Hetauda को वर्ष सन् २०२६ को गरिमामय **शाखा अध्यक्ष** पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

**सविन न्यौपाने (वडा अध्यक्ष)**
हेटौंडा उपमहानगरपालिका
१ नं. वडा समितिको कार्यालय

# प्रदेश गौरवका ३२ आयोजना छनोट गरी कार्यान्वयन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ बागमती प्रदेश सरकारले ३२ वटा 'प्रदेश गौरवका आयोजना' छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले विभिन्न मन्त्रालयले प्रस्ताव गरेका प्रदेश गौरवका आयोजना तथा बहुवर्षीय आयोजनालाई पारित गरेको सरकार प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिए । उनकाअनुसार गौरवको आयोजना अन्तर्गत भौतिक पूर्वाधार मन्त्रालयका १७ वटा, खानेपानी तथा सरसफाइ मन्त्रालयका ९ वटा, पर्यटन मन्त्रालयका ३ वटा र स्वास्थ्य मन्त्रालयका ३ वटा आयोजना रहेका छन् ।

यो आयोजनाको हाल शीर्षक मात्र स्वीकृत गरिएको र बजेटको हकमा आर्थिक मामिला मन्त्रालयले वित्तीय व्यवस्थापनको क्षमता हेरेर तय गर्ने प्रवक्ता तामाङले बताए ।

बैठकले बहुवर्षीय आयोजनाको हकमा नामसहितको प्रस्ताव पारित गरी बजेट सिलिङका लागि अर्थ मन्त्रालयको सहमति अनुसार अघि बढ्ने निर्णय गरेको उनले जानकारी दिए । त्यसैगरी, केही समयदेखि रोकिएको सचिवहरुको तलबका विषयमा पनि बैठकमा छलफल गरी प्रदेश ऐनले तोकेको बमोजिम प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

प्रदेश निजामती सेवा नियमावलीको मस्यौदा तयार गरी परामर्शका लागि लोकसेवा आयोगमा पठाउने निर्णय गरेको छ । निजामती सेवा ऐनले निदृष्ट गरे बमोजिमका विषयमा थप प्रस्ट पार्न र ऐनले नसमेटेका विषयलाई तोकिएको ढाँचामा प्रस्तुत गर्न नियमावली तयारी गरिएको हो ।

यो नियमावलीको मस्यौदालाई प्रभावकारी र व्यवहारिक बनाउन आयोगको परामर्श लिने गरी पठाउने निर्णय गरेको प्रवक्ता तामाङले बताए । त्यस्तै सामाजिक विकास मन्त्रालयको प्रस्तावमा 'विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष नियमावली २०८२' लाई पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ भने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्तावमा 'प्रादेशिक कृषि थोकबजार सञ्चालन निर्देशिका २०८२' को मस्यौदा स्वीकृत गरिएको छ ।



# सुनौलो सिकाइ केन्द्रमा ५ दिने जीवन प्रबर्द्धनात्मक शिक्षा

साझाकुरा संवाददाता

हेटौंडा, १ माघ/ मकवानपुर थाहा नगरपालिका शिक्षा शाखाको सहयोग तथा सुनौलो सामुदायिक सिकाइ केन्द्र थाहा-१ कुन्छालको आयोजनामा पाँचदिने जीवन प्रबर्द्धनात्मक शिक्षा तालिम सकिएको छ । पुस २६ गतेबाट सुरु भएको तालिम पुस ३० गते समापन गरिएको हो ।

सिकाइ केन्द्रका अध्यक्ष रुपचन्द्र गोपालीको सभाध्यक्षता तथा थाहा नगरपालिका वडा नम्बर १ का कार्यवाहक वडाअध्यक्ष सरोज प्रधानको प्रमुख आतिथ्ता रहेको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य सुवर्ण गोपाली, थाहा नगरपालिका शिक्षा शाखाप्रमुख माधवविक्रम मल्लको विशेष आतिथ्यता रहेको थियो । सिकाइ केन्द्रका संस्थापक अध्यक्ष सानुकाजी गोपाली र तालिमका मुख्य प्रशिक्षक जीवन्त शिक्षा अभियानका अभियन्ता राजन बिडारीलगायतको उपस्थिति रहेको थियो ।

सुनौलो सामुदायिक सिकाइ केन्द्रको सभाहलमा संचालित कार्यक्रममा थाहा नगरका विभिन्न ७ वटा माध्यमिक विद्यालयबाट २६ जना विद्यार्थीको सहभागिता रहेको थियो । तालिम समापनको क्रममा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा ब्यक्तिको जीवन कसरी प्रबर्द्धन गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित भइ जीवनको लक्षानिर्धारण, असल जीवनशैली, सही मानवीय ब्यवहार, दैनिक जीवनशैली, योग ध्यान साधनाको महत्व, सही मार्गनिर्देशन, सञ्चार कलालगायत विषयमा प्रशिक्षण गरिएको थियो ।

समापन कार्यक्रममा अतिथिले सिकाई केन्द्रले गरेका कार्यको प्रशंसा गर्दै सहभागीलाई सिकेका कुरा व्यवहारमा लागू गर्न प्रेरणा दिए । प्रमुखअतिथि प्रधानले वडा कार्यालयबाट सिकाइ केन्द्रमा नियमित कार्यक्रममा सहयोग गर्दै आइरहेको र आगामी दिनमा पनि यस प्रकारको सहयोग निरन्तर हुने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रम संचालन सिकाइ केन्द्रका परिचालक रेनु गोपालीले गरेकी थिइन् ।

हार्दिक समवेदना



जन्म: २०२०/१/२० स्वर्गारोहण: २०८२/९/२६

स्व. कमलराज शाक्य

यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.का सल्लाहकार श्री अशोकराज शाक्यज्यूका दाजु **कमलराज शाक्य**को असामयिक निधन भएको आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अजय मानन्धर (अध्यक्ष) एवम्
**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, परिवार

हार्दिक समवेदना



जन्म: २०२०/१/२० स्वर्गारोहण: २०८२/९/२६

स्व. कमलराज शाक्य

यस संस्थाका सल्लाहकार श्री अशोकराज शाक्यज्यूका दाजु **कमलराज शाक्य**को असामयिक निधन भएको आज ७ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

बिजयसागर श्रेष्ठ (अध्यक्ष) एवम्
**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, स्कुलरोड, परिवार




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना